National News
ALL INDIA RADIO GANGTOK

BROADCAST: 19:25 hrs    Date: 26.05.2025

---

*प्रमुख समाचार :-*

- *प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरातको भुजमा तिरपन्न रजार चार सय करोढ़ रूपियाँ भन्दा बढिका 33विकास परियोजनाहरूको उद्घाघटन भण्डे र शिलान्यास गर्नुभएकोछ ।*
- *उहाँले दाहोदमा पनि चौबीस हजार करोढ़ रूपियाँ लागत का बहु विकास परियोजनाहरूको उद्धाटन र शिलान्यास गर्नुभयो।*
- *प्रधानमन्त्रीले पाकिस्तानको एकमात्र उद्देश्य, भारतलाई नोक्सानी पुर्याउनु रहेको तर भारतको उद्देश्य गरीबी उन्मूलन गर्नु अनि आफ्नो अर्थव्यवस्थालाई विकसित गर्नु हो, भन्नुभएकोछ ।*
- *विदेश मन्त्री एस जयशंकरले पाकिस्तानका शहरहरबाट आतंककारी संगठनहरूले खुल्ला रूपमा आफ्ना गतिविधिहरू चलाई रहेको, भन्नुभएकोछ ।*
- *गृहमन्त्री अमित शाहले आज महाराष्ट्रमा नागपुर जिल्लाको चिचोलीमा राष्ट्रीय फोरेन्सीक विज्ञान विश्वविद्यालयको नागपुर परिसरको शिलान्यास गर्नुभयो ।*
- *उपराष्ट्रपति जगदीप धनखड़ले मध्यप्रदेशको नरसिंहपुरमा तीन दिवसीय कृषि उद्योग सम्मेलनको उद्घाटन सत्रलाई संवोधित गर्दै, देशलाई आफ्ना सशस्त्र बलहरूको पराक्रममा गर्न रहेको भन्नुभएकोछ ।*
- *जमर्नीमा आई एस एस एफ जुनियर विश्व कप 2025 मा भारतीय निशानेबाजीले महिलाहरूको 25 मीटर पिस्टल स्पर्धामा स्वर्ण पदक जीतेकी छिन ।*

---

*अमित शाह- नागपुर*

गृहमन्त्री अमित शाहले आज महाराष्ट्रमा नागपुर जिल्लाको चिचोलीमा राष्ट्रीय फोरेन्सिक विज्ञान विश्वविद्यालय एन एस एफ यू को नागपुर परिसरको शिलान्यास गर्नुभयो । मुख्यमन्त्री देवेन्द्र फडनवीस र केन्द्रीय मन्त्री नितिन गडकरी पनि यस अवसरमा उपस्थित हुनुहुन्थ्यो । संस्थानमा फोरेन्सिक विज्ञान, फोरेन्सिक कानून र अन्य विषयहरूमा पाँचवटा पाठ्यक्रमहरू पढाइनेछन् । संस्थानमा अत्याधुनिक प्रयोगशाला, पुस्तकालय र छात्रावास सुविधाहरू उपलब्ध हुनेछन् ।

यस अघि, गृहमन्त्री अमित शाहले विगत दस वर्षहरूमा देशको स्वास्थ्य ढाँचा र परिदृश्यको कालाकल्प भएको, भन्नुभएकोछ ।

महाराष्ट्रीय नागपुरमा जमधा क्षेत्रमा राष्ट्रीय कैंसर संस्थानका रोगीहरूका परिजनका लागि आवासीय सुविधा- सवसती निवासको आधारशिला राखेपछी एक समारोहलाई संबोधित गर्दै उहाँले यो कुरा भन्नुभयो । केन्द्र सरकारको तर्फबाट प्रदान गरिएको स्वास्थ्य सुविधाहरूको उल्लेख गर्दै श्री शाहले, स्नातक र स्नातकोन्तर चिकित्सा पाठ्यक्रमहरूका सीत र अस्पतालहरूको संख्यामा उल्लेखनीय वृद्धि भएकोछ, भन्नुभयो । सरकारले विभिन्न योजनाहरूद्वारा देशमा गरीब मानिसहरूलाई 5 लाख देखि लिएर 60 करोड़ रूपियाँ सम्म निशुल्क उपचारको सुविधा दिएको पनि श्री शाहले भन्नुभयो ।

---

*राष्ट्रपति- कलाकार*

मधुबनी र गोंड कलाका कलाकारहरूको एक समूहले आज राष्ट्रपति भवनमा कलाकारहरूका कार्यक्रम अन्तर्गत, राष्ट्रपति द्रौपदी मुर्मुसित भेट गरयो। कलाकारहरूको निवास कार्यक्रम- कला उत्सव अन्तर्गत भारतका पारम्परिक कला रूपहरूलाई उनका मूल रूपमा प्रदर्शित गरिन्दैछ। यस कला उत्सवले राष्ट्रपति भवनमा भारतका लोक आदिवासी र पारम्परिक कलाकारहरूलाई पनि एउटा मंच प्रदान गरेकोछ, जसले पीढी दर पीढी कलाका विभिन्न रूपहरूलाई जारी राखएकोछ। राष्ट्रपतिले भारतका पारम्परिक कला रूपहरूमा उनीहरूका योगदानको प्रशन्सा गर्नु हुँदै उनका भविष्यका कलात्मक प्रयासहरूमा सफलताको कामना गर्नुभयो।

---

*मध्यप्रदेश- उपराष्ट्रपति*

उपराष्ट्रपति जगदीप धनखड़ल आतंकवाद विरूद्ध संपूर्ण विश्व एकजुट भएको, भन्नुभएको। मध्यप्रदेशमा, नरसिंहपुरमा कृषि उद्योग सम्मेलनको उद्घाटन सत्रलाई संबोधित गर्दै उपराष्ट्रपतिले देशलाई आफ्ना सशस्त्र बलहराको बहादुरीमा गर्व रहेको, भन्नुभएको छ। उपराष्ट्रपतिले, ओपरेशन सिन्दूर मार्फत आतंककारीहरूले कड़ा सीख पाएको भन्नुभएकोछ।

श्री धनखढ़ले कार्यक्रमको बेला, लगभग 116 करोढ़ रूपियाँ लागत का 86 निर्माण कार्यहरूको उद्घाटन र भूमि पूजन गर्नुभयो।

---

*नेपाल- ह्यु भाषा*

नेपालमा समृद्ध र विविधतापूर्ण जातीय परिदृश्य जसमा कैयन भिन्ना- भिन्नै समूहहरू बसोबास गर्छन्। वर्ष 2021 को जनगणनामा नेपालले 14 जाती र जातीय समूहहरूलाई शामोल गरेको थियो। ह्यु ती आदिवासी समूगहरू मध्ये हो जसको अनौठो भाषा विलुप्त हुनै लागेकोछ किनभने नेपालमा कुनैपनि एकभाषी ह्यु बोल्ने छैन। भाषा संरक्षणका लागि ईमान्दारीपूर्ण प्रयास गरिने खाँचोछ र खतरामा परेको भाषालाई पुनर्जीवित गरिने कार्यक्रमहरू जारीछन्।

---

*सर्वदलीय प्रतिनिधिमण्डल*

भारतले विभिन्न देशहरूमा सर्वदलीय प्रतिनिधिमण्डल पठाउन साथै आतंकवादलाई समर्धन दिने संबधी पाकिस्तानको घृणित पड़यन्त्रको विश्वमा खुलासा गरि रहेकोछ। यस मार्फत, आतंकवादलाई कदापि सहन न गर्ने आफ्नो नीतिको पनि भारतले प्रसार गरिरहेकोछ। जनता दल यूनाइटेड का सांसद संजय कुमार झाको नेतृत्वमा एक सर्वदलीय प्रतिनिधिमण्डलले आज दक्षिण कोरियाका सोल का विचारहरूसित कुराकानी गर्नुभयो।

उहाँले संयुक्त राष्ट्र सुरक्षा परिषदमा विश्वलाई आतंकवाद विरूद्ध लड़ाईमा एकजुट हुनुपर्दछ, भन्नुभयो। काँग्रेस सासंद शशि थरूरको नेतृत्वका प्रधानमन्त्री सेवानिवृत ब्रिगेडीयर मार्क एंथनी फिलिप्स सित भेट गरयो। श्री फिलिप्स ले उहाँको देशले, आतंकवादको कुनै पनि कृत्यको निन्दा गर्छ, भन्नुभयो।

ए आई एम आई एम का सांसद असदुद्दीन ओवैसी को नेतृत्वमा भएको प्रतिनिधिमण्डलले, बाहरीन पुगि, भारतलाई अस्थिर गर्ने प्रयास उचित न भएको त्यहाँको सरकारलाई बताएकोछ।

एन सी पी- एस सी पी सांसद सुप्रिया सुलेको नेतृत्वमा भएको प्रतिनिधिमण्डलको कतरका विदेश मन्त्री मोहम्मद बिन अब्दुला अल खुलाएफीका साथ भएको एउटा बैठकमा आतंकी हमला, ओपरेशन सिन्दूर र आतंकवादलाई कदापि सहन न गर्ने भारतको राष्ट्रीय सहमति संबधी देशको दृष्टिकोणसित अवगत गराईयो।

यसैबीच डि एम यू सासंद कनिमोई करूणानिधिको नेतृत्ववादी प्रतिनिधिमण्डल स्लोवाकीय पुगेकोछ।

भाजपा सांसद रविशंकर प्रसादको नेतृत्वमा भएको प्रतिनिधिमण्डल आड फ्रान्सको पेरिस पुगेकोछ। प्रतिनिधिमण्डलले फ्रान्सलाई आतंकवाद विरूद्ध भारतको कड़ा र स्पष्ट संदेशसित अवगत गरायो।

---

*ट्रम्प- तारिफ*

अमेरीकी राष्ट्रपति डेनाल्ड ट्रम्प यूरोपेली संघका साध शल्क संबधी वार्ताको समयसीमा 9 जुलाई सम्म बढ़ाउन बारे सहमत हुनुभएकोछ। यूरोपेली संघकी अध्यक्ष उरसुला वेन डेर लेयर हिजो श्री ट्रम्प का साथ फोनमा कुरा गर्नु भएको थियो जसपछी यो निर्णय लिइयो। अमेरीकी राष्ट्रपतिले यूरोपेली संघका अधिकान्श वस्तुहरूमा शुरूमा 20 प्रतिशत शुल्क लगाउने घोषणा गर्नुभएको थियो। तर पछी वार्ताका लागि समय दिँदै यसलाई घटाएर, 8 जुलाई सम्म, 10 प्रचिषच गरि दिइएको थियो।

---

*पि एम दाहोद*

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएकोछ, पाकिस्तानको एकमात्र उद्देश्य, भारतलाई नोकसानी पुरयाउनु हो तर भारतको उद्देश्य गरीबी उन्मूलन गर्नु अनि आफ्नो अर्थव्यवस्थालाई सशक्त बन्यो भने मात्र भारत विकसित हुन सक्छ उहाँले भन्नुभयो। श्री मोदीले गुजरातको दाहोदमा एक जनसभालाई संबोधित गर्दै ओपरेशन सिन्दूर केवल एक सैन्य कार्रवाई न भई भारतवासीहरूका मूल्य र भावनाहरूको एक अभिव्यक्तिहो, भन्नुभयो।

उहाँले भन्नुभयो, सीमापारी नौ आतंकी ठेगानाहरूलाई सशस्त्र बलहरूले ओपरेशन सिन्दूर को बेला ध्वस्त गरेका थिए।

श्री मोदीले भन्नुभयो, आज देशमा स्मार्टफोन देखि लिएर रक्षा रतियार सम्म निर्माण भई रहेकाछन्।

यस अवसरमा, रेल मन्त्री अश्विनी वैष्णवले विगत एघार वर्षहरूमा रेलवे क्षेत्रमा गरिएका परिवर्तनकारी सुधारहरूका लागि मोदी सरकारको प्रशन्सा गर्नुभयो।

उहाँले भन्नुभयो, दायोदमा आधुनिक कारखाना बनाइएकोछ जसमा इलेकट्रिक इन्जेन निर्माण हुनेछ र मेड इन दाहोद इन्जेनहरूलाई अन्य देशहरूमा निर्यात गरिनेछ।

यस अघि, प्रधानमन्त्री मोदीले गुजरातमा विभिन्न विकास परियाजनाहरूको उद्घाटन र शिलान्यास गर्न अघि वदोदरामा एउटा रोड शो पनि गर्नुभयो।

---

*पि एम – 11 साल*

प्रधानमन्त्री नरेन्द्र मोदीले ज आफअनो कार्यकालका एघार वर्ष पूरा गर्नुभएकोछ, आजैका दिन, वर्ष 2014 मा, श्री मोदीले भारतका प्रधानमन्त्रीको तवरमा शपथ लिनुभएको थियो।

---

*कोविड- दिल्ली*

भारतीय आयुर्विज्ञान अनुसन्धान परिषदका महानिदेशक डां राजीव बहलले भन्नुभएकोछ, सरकारले एकीकृत रोग निगरानी कार्यक्रम- आई डी एच पी मार्फत कोविड को स्थिति माथि निगरानी गरिन्दैछ। यस कार्यक्रम अन्तर्गत देशभरिमा कोविड का मामिलाहरू माथि निगरानी राखिन्दैछ।

---

*जयशंकर- पाकिस्तान*

विदेश मन्त्री सुब्रमण्यम जयशंकरले पाकिस्तानका शहरहरूबाट आतंककारी संगठनहरूले खुल्ला रूपमा आफ्ना गतिविधिहरू चलाई रहेको, भन्नुभएकोछ। पाकिस्तानमा आतंकवाद एक मुक्त व्यापार भएको र पाकिस्तानमा आतंकवाद एक मुक्त व्यापार भएको र पाकिस्तानी सेना तथा सरकारले यसको समर्धन, वित्त पोषण र प्रयोग गरि रहेकाछन् उहांले भन्नुभयो। एक साक्षात्कारमा डां जयशंकरले भारतले आतंककारीहरूलाई, आतंकी हमलाको मूल्य उनीहरूले चुकाउनुपर्नेछ भनि संपष्ट संकेत दिएको, भन्नुभयो।

---

*आई एस एस एफ*

भारतीय तिशानेबाज तेजस्वनीले जर्मनीको सुहलमा भईरहेको आई इस इस एफ जूनियर विश्व कप 2025 मा महिलाहरूको 25 मीटर पिस्टल स्पर्धामा स्वंर्ण पदक जीतेकी छिन्। तीन स्वर्ण चार रजत प चार कांस्यका साथ विश्वको सर्वाधिक प्रतिश्ठित जूनियर निशानेबाजहरूको टुर्नामेन्टमा ,भारत पदक तालिकामा शीर्षमाइ।

---

*पि एम कुछ*

प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरातको भुजमा 53 हजार, 400 करोढ़ रूपियाँ भन्दा बढिका 33 विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभएकोछ। यस अवसरमा प्रधानमन्त्रीले भन्नुभयो, प्रत्येक नागरिकको बिजुली सम्म पहुँच होस अनि त्यसको वित्त शून्य आओस भनि सरकारको अठोल्छ। यस दिशा तर्फ, पिएम सूर्यधार मुफ्त बिजली योजना थालिएको, उहाँले भन्नुभयो।

कच्छ विश्वमा, हरित ऊर्जाको सर्वाधिक वृहत केन्द्र बनीरहेकोछ उहाँले भन्नुभयो।

---

*पि एम भुज*

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतले मानिसहरूलाई जोड़ने पर्यटनको प्रसार गर्छ भने पाकिस्तानले आतंकवादलाई पर्यटन रूपमा गेर्छ, भन्नुभएकोछ।

सीमाना जिल्ला कुच्छको भुजमा एक जमसभालाई संबोधित गर्दै उहाँले भन्नुभयो, पाकिस्तानले स्वापूर्ण का लागि आफ्ना युवाहरूको जीवन परि रहेकोछ।

---

*अन्त्यमा प्रमुख समाचार फेरी एकपल्ट*

- *प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरातको भुजमा तिरपन्न रजार चार सय करोढ़ रूपियाँ भन्दा बढिका 33विकास परियोजनाहरूको उद्घाघटन भण्डे र शिलान्यास गर्नुभएकोछ।*

- *उहाँले दाहोदमा पनि चौबीस हजार करोढ़ रूपियाँ लागत का बहु विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो।*
- *प्रधानमन्त्रीले पाकिस्तानको एकमात्र उद्देश्य, भारतलाई नोक्सानी पुर्याउनु रहेको तर भारतको उद्देश्य गरीबी उन्मूलन गर्नु अनि आफ्नो अर्थव्यवस्थालाई विकसित गर्नु हो, भन्नुभएकोछ।*
- *विदेश मन्त्री एस जयशंकरले पाकिस्तानका शहरहरबाट आतंककारी संगठनहरूले खुल्ला रूपमा आफ्ना गतिविधिहरू चलाई रहेको, भन्नुभएकोछ।*
- *गृहमन्त्री अमित शाहले आज महाराष्ट्रमा नागपुर जिल्लाको चिचोलीमा राष्ट्रीय फोरेन्सीक विज्ञान विश्वविद्यालयको नागपुर परिसरको शिलान्यास गर्नुभयो।*
- *उपराष्ट्रपति जगदीप धनखड़ले मध्यप्रदेशको नरसिंहपुरमा तीन दिवसीय कृषि उद्योग सम्मेलनको उद्घाटन सत्रलाई संवोधित गर्दै, देशलाई आफ्ना सशस्त्र बलहरूको पराक्रममा गर्न रहेको भन्नुभएकोछ।*
- *जमर्नीमा आई एस एस एफ जुनियर विश्व कप 2025 मा भारतीय निशानेबाजीले महिलाहरूको 25 मीटर पिस्टल स्पर्धामा स्वर्ण पदक जीतेकी छिन।*

---